नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्याः-

च.नं.: - कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रूपमा सम्पादित कार्यहरूको सन्दर्भमा गृह मन्त्रालयका अनुसार असार ३१ गतेका दिन देशभरका विभिन्न सीमा नाकाहरूबाट ३,८६१ नेपाली नागरिकहरू नेपाल प्रवेश गरेका छन्। सो दिन १३४ जना विदेशी नागरिक त्रिभुवन अन्तरार्ष्ट्रिय विमानस्थल र अन्य विभिन्न सीमा नाकाबाट नेपाल प्रवेश गरेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चतता, नियम पालना र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन नियमित अनुगमन भईरहेको छ। देशभर संक्रमितहरूमध्ये असार ३१ गतेका दिन ३,२२९ जना सामान्य वेडमा, ६३४ जना आइसियु वेडमा र २३५ जना भेन्टिलेटरमा उपचाररत रहेका छन्। हालसम्म निषेधको आदेश उल्लंघन गर्ने २,०२,३१२ सवारीसाधन र मास्क नलगाई हिंडडुल गर्ने ४,६८,५३१ जनालाई कारवाही गरिएको छ। विगत २४ घण्टामा ११२ सवारीसाधन र मास्क नलगाई हिँडडुल गर्ने ३३३ जनालाई कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि २४,९३,०६१ थान विभिन्न मेडिकल उपकरण, ११,५१० एम.टि.क्यु अक्सिजन, ८०३६ के. जी. कोभिड टेष्ट किट, १० के. जी. स्यानिटाईजर लगायतका औषधीहरू पैठारी भएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार देशभर सबै अक्सिजन उद्योगहरू सञ्चालनमा रहेका र अक्सिजनको आपूर्ति सामान्य अवस्थामा रहेको छ। उपत्यकामा ५,२९९ सिलिण्डर र उपत्यका बाहिर ७,०३५ गरी कूल १२,३३४ अक्सिजन सिलिण्डरको उत्पादन भइरहेको छ।

२०७८ साउन १

(किरणराज शर्मा)
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np